# टिप्पणी

एकातिर नेपाल अधिराज्यको प्रशासनिक क्षेत्र अदल-बदल भैरहने र अर्कातिर दूई गणना कालको प्रादेशिक सीमा निर्धारणमा भिन्नता पर्न गएकाले यी दूईको सामन्जस्य मिलउन गाह्रो पर्नू स्वभाविकनै हो । तथापि कूनै संभव आधारमा सामन्जस्य ल्याई यो प्रकाशन गरिएको छ ।

२००९/०११ सालको जनगणनामा कायम गएिका नौ प्रदेशलाई २०१८ सालको गणनामा भौगोलिक र प्राकृतिक दृष्टिकोणबाट दस प्रदेशमा विभाजित गरिएको छ ।

भौगोलिक समताको अतिरिक्त सामाजिक रीति-र्सथिति र उब्जनि आदिको दृष्टिकोणबाट साविक पश्चिम पहाडका गण्डकी प्रदेशलाई पश्चिम पहाड र भेरी कर्णाली प्रदेशलाई सूदूर पश्चिम पहाड भनेर अलग्याईएको छ । यस प्रकारको प्रादेशिक बिभाजनमा पहिला बाग्लुग जिल्लामा रहेको छार्का भोटलाई यस पाला नदि(नालाको पहाड (पानी ठलो),भाषा, यातायातको सुगमता र ऐतिहासिक दृष्टिकोणबाट जुम्ला अन्तर्गत पारिएको छ । पश्चिम १ नम्बर महेश खोलाको दक्षिण भाग पहिलो गणनामा चीसापानि अन्तर्गत पर्न गएको थियो, सो भाग पश्चिम १ नम्मर धादिगंको प्रशासकिय क्षेत्र अन्तर्गत पर्ने हुंदा यस गणनामा प्रशासकिय दृष्टिकोणले धादिगं अन्तर्गत राखिएको छ । त्यस्तै उदयपुर जिल्लाका कोशि उत्तर पटिका केही भाग बिराटनगर अन्तर्गत पर्न गएका थिए, तापनि अहिले प्रशासकिय क्षेत्रका आधारमा उदयपुर मै समावेश गरिएको छ ।

२०१८ साल जेष्ठ २२ गते देखि अषाढ ७ गते सम्म अर्थात १८ दिनको समयलाई गणना अवधि मानि यस अवधि भित्र घटबढ भएको गणना अर्का दिन अर्थात अषाढ ८ गते को सुर्योदयको समयमा लीइएकोले त्यस दिन (आषाढ ८ गते) लाई गणना दिवस मानिएको छ ।

गणनाको प्रशासकिय दृष्टिकोणबाट संम्पुर्ण अधिराज्यलाई १८ अञ्चल, १०२ उपाञ्चल र ४५६ डोरमा बिभाजित गरिएको थियो । यस गणना कार्यमा १५९३३ जना गणकले भाग लिएका थिए ।

गणना गर्नु भन्दा अगाडी बैशाख ३१गते देखि जेष्ठ ६ गते सम्म अधिराज्य भरी घर परिवारको लगत तयार गरियो । यस लगतमा घरको प्रकार घर मुलीको उमेर, लिंग, परिवारका व्यक्तिको उपस्थिति, अनुपस्थितिको संख्या र अनुपस्थितिका समयमा गएको देश, एवं २०१७ बैशाख देखि चैत्र मसान्त सम्मको अबधि भित्र भएको जन्म, मृत्यु आदिको लगत गरिएको छ ।

यस गणनामा घर भनेको मानिसले आफु र आफ्नो परिवार बस्न भनि छुट्टै अलग आवत जावत गर्न हुने गरी चारै तिर (बढीमा दुई तिर अरु धरको आडमा वा पहराको आडमा) गाह्रो लगाई माथिबाट छाना भएको जुनसुकै छाँटको धर भएपनि मानिस बसेको बासलाई जनाउँदछ । यसले अलग एक सिगो धरलाई जनाउँदछ । तर २००९/०११ को जनगणनामा मानिस बसेकोलाई मात्र धर भन्नु । मानिस नबसेको रित्तो धरलाई धरसंख्यामा नलेख्नु । घर्मशाला, पाटि पौवामा मानिस बसेको भए घर संख्यामा गन्नु नत्र गन्नु पर्दैन । एउटै मानिसका २/३ घर भएर सबै घरमा मानिस बसे को भए २/३ घरै ठहर्छ । एक घरमा २ वा २ भन्दा बढी जहान (परिवार) बसेको भए घर संख्या एउटै हुन्छ र अघिल्लोमा नम्बर लेख्नु अरुमा ऐं जनाउनु । परिवार संख्या अर्कै हुन्छ अर्थात घर (संख्या बदलिंदैन तर परिवार नम्बर् बदलिन्छ ।

पहिलो गणनामा २००९ सालमा महोत्तरी बाहेक अरु पुर्वी भगको र २०११ सालमा महोत्तरी, पश्चिमी भाग र उपत्यकाको गणना भएको थियो, सो गणनाको र २०१८ सालको गणनाको र त्यसको वार्षिक बृद्धी बारे तुलनात्मक अध्यानका निमित्त निम्न प्रदर्शित तालिका सहायक हुने छ ।

तालिका नं १ः- प्रदेश अनुसार घर (प्रतिशतमा) र त्यसको बृद्धि दर ।

| र्वष / प्रदेश | गणना २००९/०११ | गणना २०१८ | गणना अन्तर वर्ष | वार्षिक वृद्धि दर |
|---|---|---|---|---|
| नेपाल | १००.० | १००.० | – | – |
| पुर्व पहाड | १७.२ | १९.२ | ९ | १.३ |
| पुर्व भित्री मधेश | १.८ | २.० | ९ | १.१ |
| पुर्व तराई(महोत्तरी बाहेक) | २५.४ | २०.८ | ९ | २.० |
| महोत्तरी | ९.७ | ७.८ | ७ | २.७ |
| काठमाण्डौ उपत्यका | ३.९ | ४.१ | ७ | ०.७ |
| पश्चिम पहाड | १८.४ | २१.० | ७ | २.० |
| सुदुर पश्चिम पहाड | १४.० | १५.१ | ७ | १.१ |
| मध्यभित्री मधेश | २.२ | २.३ | ७ | ०.४ |
| पश्चिम भित्री मधेश | ०.८ | ०.८ | ७ | ०.७ |
| पश्चिम तराई | ४.४ | ४.६ | ७ | ०.६ |
| सुदुर पश्चिम तराई | २.२ | २.३ | ७ | ०.५ |

उपरोक्त तालिकाबाट पुँर्व तराई र महोत्तरी जिल्लामा घर घट्न गएको देखिन्छन् । ती दुई गणनामा घरको परिभाषामा अन्तर परेकोले पनि यस किसिमको अन्तर पर्न गएको हुन सक्छ । उदाहरणका निमित्त पहिलाको परिभाषामा पौवा, पाटिहरु पनि घरका श्रेणीमा सामेल गरिएका थिए । तर दोस्रो परिभाषा अनुसार पौवा पाटिहरु घरका श्रेणीमा समावेश गरिएका छैनन् । यसमा अर्को कारण यो पनि हुन सक्द छ की २०१८ सालको जनगणनामा घर खण्डको छुटै गणना भएको र २००९/०११ मा घर खण्डको बिचार नगरिएको । तर सर्वोपरि कारण यो छ की पुरा घर (Compact structure) को राम्रो परिभाषा गर्न नसकेको र गणना कालमा विषेश निरिक्षण जाँदा घर रघर खण्डको लगत लिंदा केही त्रुटी देखिन गएकाले खास गरि तराइ क्षेत्रको लागि परिभाषामा केही सम्सोधन गरि लगत लिने निर्देशनको परिपत्र प्रत्येक अञ्चलाधिकारीलाई पठाईएको होता पनि संचारको पुर्ण सुविधा नभएकाले अन्चल अधिकारिहरुले सो परिपत्र समयमै पाउन नसकेको र साथै अञ्चल अधिकारिहरुले पनि सञ्चार व्यबस्थाकै कमिबाट उपाञ्चल र डोरहरुमा समय भित्र परिपत्र पुरयाउन असमर्थ भएकाले गणकहरुले गणना कार्यको शुरु(शुरुमै सो परिपत्र प्राप्त गर्न नसकेकाले पहिल्यै परिभाषाअनुसार गणकहरु कायैमा अभ्यस्थ भई सकेको हुँदा धेरै पछि प्राप्त भएको परिपत्र अनुसार गणकहरुलाई काम गर्न अप्ठ्यारो परेबाट परिपत्र अनुरुप काम नहुनु र पहिला भएको काम न सँचिनु । अर्को कुरो जनगणना हुनुभन्दा अघि गरिएको पाइलाट सेन्सस्मा खासगरि तराई क्षेत्रमा घर सम्वन्धि प्रश्न समावेश गरिएको थिएन ।

यी सबै कारणहरुबाट पुर्वी तराई क्षेत्रमा त्यस्तो बिधीसँग घर संख्या घटेको देखिन्छ । आगामि जनगणनामा प्रारम्भिक जांच गर्दा यस्को पुरा ध्यान राखिने छ । ती तराई बाहेक अरु प्रदेशमा घर संख्या

बढेकै देखिन्छ । सबभन्दा धेरै पश्चिम पहाडमा घरको बार्षीक बृद्धी दर बडेको देखिन्छ। त्यस पछि सुदुर पश्चिम पहाड र पुर्व भित्री मधेशमा बढेको देखिन्छ । अरुमा पनि सामान्यत बढेकै देखिन्छ ।

परिभाषा अनुसार सिंगो घर, माझमा अथवा एक छेउमा गाह्रो, कठबार आदिले बारि अलग्गै आउन जान हुने गरी ढोका, भरेंग भएकोलाई घर खण्ड मानी यस गणनामा घर खण्डको लगत ईिएको छ ।

प्रदेश अनुसार एक वा एक भन्दा बढी खण्ड भएका घर संख्या (प्रतिशतरुपमा) निम्नांकित तालिका बाट स्पष्ट हुन सक्द छ ।

तालिका नं २ : प्रदेश अनुसार घरको प्रकार (प्रतिशतमा) ।

| प्रदेश / वर्ष | जम्मा | एक खण्डे | दुई खण्डे | तिन खण्डे | चार खण्डे |
|---|---|---|---|---|---|
| नेपाल | १००.० | ९५.६ | २.८ | १.० | ०.६ |
| पुर्व पहाड | १००.० | ९८.९ | १.० | ०.१ | – |
| पुर्व भित्री मधेश | १००.० | ९९.८ | ०.२ | – | – |
| पुर्व तराई | १००.० | ९२.८ | ३.३ | २.१ | १.८ |
| काठमाण्डौ उपत्यका | १००.० | ९३.२ | ५.६ | ०.९ | ०.३ |
| पश्चिम पहाड | १००.० | ९८.४ | १.५ | ०.१ | – |
| सुदुर पश्चिम पहाड | १००.० | ९१.७ | ५.७ | १.७ | ०.९ |
| मध्यभित्री मधेश | १००.० | ९९.० | ०.९ | ०.१ | – |
| पश्चिम भित्री मधेश | १००.० | ९८.५ | १.२ | ०.२ | ०.१ |
| पश्चिम तराई | १००.० | ९५.८ | ३.१ | ०.८ | ०.३ |
| सुदुर पश्चिम तराई | १००.० | ९७.४ | १.८ | ०.५ | ०.३ |

उपर्यकिंत तालिका बाट नेपाल अधिराज्यमा अधिकांश सिंगो घरको चलन भएको पाईन्छ । एक खण्डे घर ९५.६प्रतिशत, दुई खण्डे घर २.८ प्रतिशत, तिन खण्डे घर १.० प्रतिशत र चार वा सो भन्दा बढी खण्ड भएको घर ०.६ प्रतिशत देखिन्छ । त्यसमा पनि चार वा सो भन्दा बढि खण्ड भएका घरहरु पूर्वतराईमा अपेक्षाकृत धेरै पईन्छन् । काठमाण्डौं उपत्यकामा पनि धेरै खण्ड भएका घरको चलन उस्तो धेरै पाईएन । दुई खण्ड भएका घर सबभन्दा बडि सुदुर पश्चिम पहाडमा र त्यसपछि काठमाण्डौं उपत्यकामा पाईन्छ । तिन खण्डे घर सबभन्दा बढी पुर्व तराईमा र त्यसपछि सुदुर पश्चिम पहाडमा पईन्छ ।

शहर :- पाच हजार र सो भन्दा बढि जनसंख्या केन्द्रित (cluster) भएको शहरी वातावरण, जस्तै – हाइस्कुल, कलेज, अड्डा अदालत, विभिन्न कार्यलयहरु, बजार, संचारव्यवस्था, मील फयाक्टरी आदि भएका क्षेत्रलाई शहरी क्षेत्र मानिएको छ ।

यद्यपि शहरको परिभासा माथि दिए अनुसारै युक्त हो ता पनि यस गणनामा नगरपालिकाको क्षेत्रलाई शहरी क्षेत्रमानि जनगणना लिइएको छ । विराटनगर र विरगन्जको सहरिक्षेत्रको हकमा पहिलो र यसगणनामा फरक पर्न गएको छ । वीगन्जको नगरपालीकाको क्षेत्र २००९/०११ मा भन्दा २०१८ मा सिमित हुन आएको छ । यसकारण अघीभन्दा अहीलेको गणनामा विरगन्जको जनसंख्या कम भएको देखिन्छ । तर विराटनगरमा

भने पहिलो गणनामा भन्दा यस गणनामा नगर पालिकाको क्षेत्रमा बृद्धि भएको छ । यसैले गर्दा त्यहाँको जनसंख्या ज्यादै बृद्धि भएको देखीन्छ ।

नेपाल अधिराज्यको जम्मा घरहरु मध्ये २. ८ घर शहरी क्षेत्रमा र ९७.२ प्रतिशत ग्रामिण क्षेत्रमा छन् । यस मधये २.६ प्रतिशत एक खण्डे घर र ०.२ प्रतिशत २ खण्डे घर शहरी क्षेत्रमा छन् । ग्रमिण क्षेत्रमा भने ९३.० प्रतिशत एक खण्डे २.६ प्रतिशत २ खण्डे १.० प्रतिशत ३ खण्डे र ०.६ प्रतिशत चार र सो भन्दा बडि खण्ड भएका घरहरु छन् । तिन खण्डे र चार खण्डे घरहरु शहरि क्षेत्रमा भने नगण्य  देखिन्छन् । तर शहरि क्षेत्र र ग्रामीण क्षेत्र दुवैलाई अलग( अलग मानी विचार गर्दा शहरी क्षेत्रमा ९१.० प्रतिशत घर एक खण्डे ६.४ प्रतिशत दुई( खण्डे, १.६  प्रतिशत तिन(खण्डे र १.० प्रतिशत चार र सो भन्दा बढी खण्ड भएको घर देखिन्छ । ग्रामिण क्षेत्रमा भने ९५.७ प्रतिशत एक(खण्डे,२.७ प्रतिशत दुई( खण्डे, १.० प्रतिशत तीन( खण्डे, ०.६ प्रतिशत चार र सो भन्दा बढी खण्ड भएको घर देखिन्छ ।

जम्मा घरहरु मध्ये कतिमा बसोबास भएको र कति खाली छन् भन्ने कुराको हकमा सम्पुर्ण नेपाल अधिराज्यमा ९४.८ प्रतिशत घरमा बसोकास भएको र ५.२ प्रतिशत घर रित्तो पाइन्छ । पूर्व तराईमा १६.३ प्रतिशत काठमाण्डौ उपत्यकामा ३.० प्रतिशत सुदूर पश्चिम तराइमा १.३ प्रतिशत, पूर्व भित्री मधेशमा ०.७ प्रतिशत पश्चिम पहाडमा ०.२ प्रतिशत र पूर्व पहाडमा ०.१ प्रतिशत घरहरु रित्ता छन् । वाकी प्रदेशमा सबै घरमा बसोबास भएको देखिन्छ ।

यो गणनामा एउटै भान्सामा खाने र एउटै आम्दानि -खर्च बाट व्यवहार चलाउने व्यक्ति-समूहलाई परिवार मानिएको र भान्से नोकर सो परिवारमा खाई बसेको छ भने यिनीहरु पनि सोहि परिवार भित्रको व्यक्ति मानिएको छन् । २००९/०११ को गणनामा नछुट्िएका एकै भान्सामा खाने एक जहानलाई परिवार मानिएको थियो ।

यी दुबै गणनामा नेपाल अधिराज्यको जम्मा परिवार मध्ये प्रत्येक प्रदेशमा कुन ढंगको विवरण भएको छ र सगोल (integration) । रहने चलन वा छुट्िने (disintegration) चलन छ भन्ने कुरा निम्न तालिकाबाट स्पष्ट हुने छ ।

तालिका नं ३ :-    प्रदेश अनुसार परिवारको बितरण (प्रतिशतमा) २००९+२०११, २०१८

| प्रदेश | परिवार | | परिवारको सदर आकार | |
|---|---|---|---|---|
| | २००९/०११ | २०१८ | २००९/०११ | २०१८ |
| जम्मा | १००.० | १००.० | ५.४ | ५.२ |
| पुर्व पहाड | ४९.९ | ४७.६ | ५.६ | ५.४ |
| पुर्व  भित्री मधेश | ५.३ | ४.९ | ५.८ | ५.४ |
| पुर्व तराई | ४४.८ | ४७.५ | ५.० | ४.९ |
| जम्मा | १००.० | १००.० | ५.४ | ५.३ |
| महोत्तरी | ९.५ | ९.५ | ४.८ | ४.३ |
| काठमाण्डौ उपत्यका | ८.२ | ८.१ | ५.५ | ५.४ |
| पश्चिम पहाड | ३६.७ | ३६.० | ५.२ | ५.१ |
| सुदुर पश्चिम पहाड | २८.० | २८.७ | ५.९ | ५.६ |

| | | | | |
|---|---|---|---|---|
| मध्य भित्री मधेश | ३.५ | ३.९ | ६.२ | ५.९ |
| पश्चिम भित्री मधेश | १.५ | १.४ | ६.७ | ६.८ |
| पश्चिम तराई | ८.५ | ८.२ | ४.६ | ४.६ |
| सुदुर पश्चिम तराई | ४.२ | ४.२ | ६.२ | ६.२ |

उपरोक्त तालिकाबाट सगोल परिवारको चलन हट्दै गएको र छुटिने चलन बढ्दै गएको देखिन्छ । केबल सुदुर पश्चिम तराई र पश्चिम तराईमा सगोल रहने चलनमा कुनै हेरफेर भएको पाईएन । महोत्तरी जिल्ला र पश्चिम भित्री मधेसमा पनि सगोल रहने चलनमा साह्रै हेरफेर भएको देखिएन । सगोल परिवारको चलन कम हुनाको एउटा कारण सहरि क्षेत्रको क्रमिक बिस्तार पनि हुन सक्दछ ।

पहिलो २००९ र ०११ को जनगणनामा नेपाल अधिराज्यको पुर्वी भाग महोत्तरि जिल्ला बाहेक को २००९मा र पश्चिमी भाग, काठमाण्डौ उपत्यका र महोत्तरि जिल्लाको २०११ मा गणना भएको हुदा त्यसै अनुसार २०१८ सालको गणना संग दाज्न सजिलोको लागि उपरोत्त तथा पछिका केहि तालिकामा अलग( अलग गर्ने प्रयास गरिएको हो ।

दुई गणना कालको अन्तरमा परिवारको वार्षिक वृद्दिर (arithmetic rate of growth) हिसाब गर्दा सब भन्दा बढि बार्षिक वृद्धि अर्थात ४.१ प्रतिशत, मध्ये भित्री मधेशमा हुन आएको छ । यस प्रकारको वृद्धि हुन गएको मूख्य कारण यो छ कि चित्तौनमा पुनर्वास गराउने श्री ५ को सरकारको नीतिको पूर्णरुपमा कार्यान्वित हुनु । पूर्व तराईमा (महोत्तरि बाहेक) २.९ प्रतिशत, सुदूर पश्चिम पहाडमा २.७ प्रतिशत, सुदूर पश्चिम तराईमा २.२ प्रतिशत, महोत्तरि जिल्लामा २.१ प्रतिशत, काठमाण्डौ उपत्यकामा र पश्चिम तराईमा २.० प्रतिशत, पश्चिम पहाडमा १.९ प्रतिशत, र पूर्व पहाडमा १.५ प्रतिशत, परिवारको बार्षिक वृद्धि हुन आएको छ । पूर्व भित्री मधेश र पश्चिम भित्री मधेशमा १.१ प्रतिशत मात्र वार्षिक वृद्धि हुन आएको छ ।

कति परिवारले कति खण्ड भएको घरमा बसोबास गरेको छ भन्ने कुराको हकमा जम्मा एक खण्डे घर मध्ये ९८.७ प्रतिशतमा एक परिवारले, ०.९ प्रतिशतमा दुई परिवारले, ०.२ प्रतिशतमा तीन परिवारले, ०.१ प्रतिशतमा चार परिवारले र ०.१ प्रतिशतमा पाच र सो भन्दा बढि परिवारले बसोबास गरेको देखिन्छ । जम्मा दुई खण्डे घर मध्ये २४.१ प्रतिशतमा एक परिवारले, ७४.३ प्रतिशतमा दुई परिवारले, १.१ प्रतिशतमा तीन परिवारले, ०.३ प्रतिशतमा तीन परिवारले, ०.३ प्रतिशतमा चार परिवारले, ०.२ प्रतिशतमा पाच र सो भन्दा  बढि परिवारले बसोबास गरेको पाईन्छ । जम्मा तीन खण्डे घर मध्ये ४९.९ प्रतिशतमा एक परिवारले, ३.० प्रतिशतमा दुई परिवारले, ४६.१प्रतिशतमा तीन परिवारले, ०.६ प्रतिशतमाचार परिवारले र ०.४ प्रतिशतमा पाच र सो भन्दा बढि परिवारले बसोबास गरेको देखिन्छ । जम्मा चार खण्डे घर मध्ये ५९.१प्रतिशतमा एक परिवारले, ८ .४ प्रतिशतमा दुईपरिवारले २.२ प्रतिशतमा तीन परिवारले, २७.७ प्रतिशतमा चार परिवारले, ०.६ प्रतिशतमा पाच र सो भन्दा बढि परिवारले बसोबास गरेको देखिन्छ । जम्मा पाच खण्डे घर मध्ये ४१.४ प्रतिशतमा एक परिवारले, १३.३ प्रतिशतमा दुई परिवारले, ९.३ प्रतिशतमा तीन परिवारले, ३.८प्रतीशतमा चार परिवारले, ३२.८ प्रतिशतमा पाच र सो भन्दा बढि परिवारले बसोबास गरेको पाईन्छ ।

यसमा स्मरणिय कुरा उो छ  की पाच वा सो भन्दा बढि खण्ड भएका घरहरु मध्ये ४१.४ प्रतिशत चाँहि एक परिवारले बसोबास गरेको छ तर ३२.८ प्रतिशतमा चाँहि पाच वा सो भन्दा बढि परिवारले बसोबास गरेको छ ।

तर यसको अर्को रुप पनि छ । जम्मा एक परिवारमध्ये ९८.३ प्रतिशतले एक खण्डे घरमा ०.८ प्रतिशतले दुई खण्डे घरमा ०.५ प्रतिशतले तीन खण्डे घरमा ०.३ प्रतिशतले चार खण्डे घरमा ०.१ प्रतिशतले पाँच वा सो भन्दा बडि खण्डे घरमा बसोबास गरेको छ । जम्मा दुई परिवार मध्ये २६.७ प्रतिशतले एक खण्डे घरमा ६९.९ प्रतिशतले दुई खण्डे घरमा १.० प्रतिशतले तीन खण्डे घरमा १.३ प्रतिशतले चार खण्डे घरमा १.१ प्रतशतले  पाच वा सो भन्दा बढि खण्ड भएको घरमा बसोबास गरेका छन् ।जम्मा तीन परिवार मध्ये ३१.० प्रतिशतले एक खण्डे घरमा ४.२ प्रतिशतले दुई खण्डे घरमा ६०.६ प्रतिशतले तीन खण्डे घरमा १.३ प्रतिशतले चार खण्डे घरमा २.९ प्रतिशतले पाच वा सो भन्दा बडी खण्डे घरमा बसोबास गरेका छन् । जम्मा चार परिवार मध्ये ३३.५ प्रतिशतले एक खण्डे घरमा ३.७ प्रतिशतले दुई खण्डे घरमा २.५ प्रतिशतले तीन खण्डे घरमा ५६.५ प्रतिशतले चार खण्डे घरमा ३.८ प्रतिशतले पाच वा सो भन्दा बढि खण्डे घरमा बसोबास गरेका छन् । जम्मा पाच  वा सो भन्दा बढी परिवार मध्ये ३२.८ प्रतिशतले एक खण्डे घरमा ३.४ प्रतिशतले दुई खण्डे घरमा २.८ प्रतिशतले तीन खण्डे घरमा २.० प्रतिशतल चार खण्डे घरमा ५९.० प्रतिशतले पाच वा सो भन्दा बढी खण्ड भएको घरमा बसोबास गरेको देखिन्छ ।

यसमा यद्यपि परिवारको संख्या अनुसार घरखण्ड भएको घरमा अधिक प्रतिशतमा बसोबास भएको देखापरेको छता पनि एक खण्डे घरमा अधिक चाप परेको देखिन्छ । यसको खास मतलव नेपाल अधिराज्यमा बसोबासको समश्या जटिल हुदै आउनु हो ।

परिभाषा अनुसार यस गणनामा जनसंख्या लिंदा जुन सुकै ठाउमा पनि स्थाई रुपले बसेका परिवारका कुनै व्यक्ती यदि केहि समयका लागि तीर्थयात्र, औषधी घुमफिर,  मुद्धा आदिका उद्देश्यले घरबाट अनुपस्थित भएका भए पनि तिनिहरुको गणना उपस्थित व्यक्तिमै गरिएको छ । तर ६ महिना भन्दा बढीका निमित्त विदेश गएका व्यक्तिको चाही गणना गरिएको छैन । स्वदेश भित्रै आफ्नो जिल्ला बाहेक अरु जिल्लामा रहेका सरकारि जागिरे (हप्ताको छुटीमा घर आउने बाहेक) मालिककै भन्सामा खाने नोकर, भान्सेहरु, स्वाश्थ निवास, अनाथालय, जेल आदिका व्यक्तिहरुको भने गणनामाकालमा उनिहरु रहेको जिल्लाबाट भएको छ । विदेशि दुतावास र विदेशी सहायता मिशन आदिका व्यक्तिहरुको यहि रहेका हुन ता पनि गणना भएको छैन ।

यी दुई गणना कालका बीचमा नेपाल अधिराज्यका बिभिन्न प्रदेशमा जनसंख्याको जुन प्रकारको रुपान्तर भएको छ, त्यो निम्नाकिंत तालिकाबाट स्पष्ट हुन्छ ।

तालिका नं ४ :- प्रदेश अनुसार उपस्थित जनसंख्याको (वितरण प्रतिशतमा) २००९/०११ र २०१८

| प्रदेश | जनसंख्या | |
|---|---|---|
| | २००९/०११ | २०१८ |
| जम्मा | १००.० | १००.० |
| पूर्व पहाड | ५२.० | ४९.६ |
| पूर्व  भित्री मधेश | ५.८ | ५.१ |
| पूर्व तराई महोत्तरी बाहेक | ४२.२ | ४५.३ |
| जम्मा | १००.० | १००.० |
| महोत्तरी | ८.४ | ८.७ |
| काठमाण्डौ उपत्यका | ८.३ | ८.२ |

| | | |
|---|---|---|
| पश्चिम पहाड | ३५.३ | ३४.७ |
| सुदुर पश्चिम पहाड | ३०.३ | ३०.३ |
| मध्यभित्री मधेश | ४.० | ४.४ |
| पश्चिम भित्री मधेश | १.८ | १.८ |
| पश्चिम तराई | ७.० | ७.० |
| सुदुर पश्चिम तराई | ४.७ | ४.९ |

उपरोक्त तालिकामा २००९ र ०११ को भन्दा २०१८ को जनसंख्याको बितरणमा निकै परिवर्तन देखिन आएको छ । केवल (¡) पश्चिम तराई र (ii) पश्चिम भित्री मधेशमा कुनै परिवर्तन हुन आएको छैन । (¡) पुर्व पहाड (ii) पुर्व भित्री मधेश (iii) काठमाण्डौ उपत्यका (iv) सुदुर पश्चिम पहाड (v) र पश्चिम पहाडमा प्रतिशत घटन गएको देखिन्छ । (¡) पुर्व तराई (महोत्तरि सहित), (ii) मध्ये भित्री मधेश, (iii) र सुदुर पश्चिम तराईमा प्रतिशत बढ्न गएको छ ।यसबाट यो स्प्रष्ट् हुन जान्छ की सबै पहाडि प्रदेशमा र पु र्व भित्री मधेशमा बढ्दो आवादीको समस्या र तराई क्षेत्रमा  चलाएको औलो उन्मुलन कार्यको सफलता आ(आफनु घर पाएक पर्ने गरि तराई तिर घर खेति जोड्ने वा बसाई सर्ने काम बढ्दै गएको एवं अधिराज्भरि विकास कार्यलाई कार्यान्वित गर्न विभिन्न कार्यालएहरुमा कर्मचारिको रुपमा उपत्यकाबाट अधिराज्यमा विभिन्न प्रदेशमा गएकोले उपत्यकाको जनसंख्यामा प्रतिशत घटेको  बुझिन्छ । त्यस्तै मध्ये भित्री मधेशमा श्री ५ को सरकारको पुनर्वास नीति पुर्णतः कार्यान्वित भएकोले त्याहाको प्रतिशतमा वृद्दि भएको हो ।

कति व्यक्तिको परिवार कुन प्रदेशमा कति प्रतिशत छन भन्ने कुरा निम्नाकिंत तालिकाबाट स्पष्ट् हुने छ ।

तालिका नं ५ः- परिवारको आकार (प्रतिशतमा) प्रदेश अनुसार ।

| परिवारको आकार / प्रदेश | जम्मा | परिवार | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | एक व्यक्ति | दुई व्यक्ति | तिन व्यक्ति | चार व्यक्ति | पाच व्यक्ति | छ व्यक्ति | सात व्यक्ति | आठ व्यक्ति | नौ त्तयक्ति | दश व्यक्ति |
| नेपाल | १००.० | ४.७ | ९.९ | १४.० | १६.६ | १५.८ | १२.८ | ९.० | ५.९ | ३.८ | ७.५ |
| पुर्व पहाड | १००.० | ३.७ | ८.५ | १२.९ | १५.९ | १६.० | १३.९ | १०.४ | ६.९ | ४.४ | ७.४ |
| पुर्व  भित्री मधेश | १००.० | ३.१ | ९.० | १३.६ | १५.९ | १६.१ | १३.६ | ९.९ | ६.५ | ४.३ | ८.० |
| पुर्व तराई | १००.० | ५.८ | ११.५ | १५.४ | १७.५ | १५.९ | ११.९ | ७.६ | ५.० | ३.१ | ६.३ |
| काठमाण्डौ उपत्यका | १००.० | ६.४ | १०.६ | १३.७ | १५.६ | १४.६ | ११.६ | ८.३ | ५.३ | ३.७ | १०.२ |
| पश्चिम पहाड | १००.२ | ४.९ | १०.० | १४.२ | १६.५ | १६.१ | १३.२ | ९.४ | ६.० | ३.७ | ६.२ |
| सुदुर पश्चिम पहाड | १००.० | २.५ | ७.८ | १३.२ | १६.७ | १६.४ | १३.८ | ९.९ | ६.७ | ४.४ | ८.६ |
| मध्यभित्री मधेश | १००.० | ३.४ | ८.१ | १२.२ | १५.१ | १५.३ | १३.१ | ९.७ | ७.० | ४.८ | ११.३ |
| पश्चिम भित्री मधेश | १००.० | ३.३ | ७.६ | ११.५ | १३.२ | १३.६ | १२.२ | ९.० | ६.८ | ४.४ | १८.४ |
| पश्चिम तराई | १००.० | ८.३ | १५.४ | १६.७ | १७.१ | १४.१ | ९.८ | ६.५ | ४.० | २.५ | ५.६ |
| सुदुर पश्चिम तराई | १००.० | ६.० | १०.५ | १२.९ | १४.३ | १३.२ | १०.६ | ७.६ | ५.५ | ३.८ | १५.६ |

उपरोक्त तालिकाबाट १० र सो भन्दा अधिक व्यक्ति भएको परिवारको चलन सवभन्दा ज्यादा पश्चिम भित्री मधेशमा  र त्यस पछि सुदुरु पश्चिम तराईमा देखिन्छ । विशेष गरि प्रायः (more or less) सबै प्रदेशमा चार, पांच र छ व्यक्ति भएको परिवारको चलनै पाइन्छ ।

शहर र ग्रामिण क्षेत्र अनुसार  परिवारको आकारको विषयमा विचार गर्दा शहरि क्षेत्रको जम्मा परिवार मध्ये ७.६ प्रतिशत एक व्यक्ति भएको ११.२ प्रतिशत लुई व्यक्ति भएको १२.९ प्रतिशत तीन व्यीक्त भएको, १४.० प्रतिशत चार व्यक्ति भएको, १३.१ प्रतिशत पांच व्यक्ति भएको, १०.६ प्रतिशत छव्यक्ति भएको, ७.९ प्रतिशत सात व्यक्ति भएको, ५.५ प्रतिशत आठ व्यक्ति भएको ३.८ प्रतिशत नौ व्यक्ति भएको, १३.४ प्रतिशत दश र सो भन्दा बढि व्यक्ति भएको परिवार छन् । त्यस्तै ग्रामिण क्षेत्रको जम्मा परिवार मध्ये ४.६ प्रतिशत एक व्यक्ति भएको, ९.९ प्रतिशत दुई व्यक्ति भएको १४.१ प्रतिशत तिन व्यक्ति भएको, १६.६ प्रतिशत चार व्यक्ति भएको, १५.९ प्रतिशत पांच व्यक्ति भएको, १२.९ प्रतिशत छ व्यक्ति भएको, ९.० प्रतिशत सात व्यक्ति भएको, ५.९ प्रतिशत आठ व्यक्ति भएको, ३.८ प्रतिशत नौ व्यक्ति भएको र ७.३ प्रतिशत दश र सो भन्दा बढि र्व्यक्त भएका परिवार छन् ।

यसमा शहरि क्षेत्रमा खास गरि दश र सो भन्दा बढि व्यक्ति भएको परिवार सव भन्दा बढी देखिन्छ ।

यद्यपि वास्तविक रुपमा शहरि क्षेत्रमा भन्दा ग्रामिण क्षेत्रमा बहु(व्यक्ति परिवारको चलन बढि छ । तथापि शहरि क्षेत्रमा बहु(व्यक्ति परिवारको चलन अधिक देखिन आएको कारण निम्न लिखित छन् ।

१. शहरि क्षेत्र मध्ये काठमाण्डौं उपत्यकाको शहरि क्षेत्रमा वहु(व्यक्ति परिवारको चलन भएका बौद्धमार्गी र ठु ठला व्यापारिवर्गको बसोबास भएबाट उक्त क्षेत्रमा बहु(व्यक्ति परिवारको संख्या अधिक हुन आउनु ।

२. यस गणना समयमा बिराटनगरको शहरी क्षेत्रमा आस( पासका ग्रामिण क्षेत्र पनि समावेश भएकाले ग्रामिण क्षेत्रको परिवार संख्या शहरी क्षेत्रको परिवार संख्यामा सम्मिलीत हुनु ।

३.सामुहीक परिवार (व्यारेक, छात्रावास, क्याम्प आदी )को गणना बहु व्यक्ति परिवारमा राखिएको छ । तर ती व्यारेक छात्रावास आदि सामुहिक परिवार सवै भने जस्तो शहरी क्षेत्रमै भएबाट शहरी क्षेत्रको वहुव्यक्ति परिवार संख्यामा सामुहिक परिवारको संख्या जोडिनु ।

उपरोक्त कारणबाट ग्रामिण क्षेत्रमा भन्दा शहरि क्षेत्रमा बहुव्यक्ति पीवारको प्रतिशत अपेक्षाकृत बढि देखिन आएको हो ।

कुनै प्रदेशमा कति प्रतिशत नर वा नारि घरमुलि छन् भन्ने र कुन उमेरका घर मुलि कति प्रतिशत कुन प्रदेशमा छन् भन्ने कुरो निम्नाकिंत तालिकाबाट राम्ररी बुभ्र्न सकिन्छ ।

तालिका नं ६ :-प्रदेश अनुसार घरमुलिको उमेर, लिंग (प्रतिशतमा)

| उमेर | जम्मा | | | २० बर्ष मुनि | | २०-४४ | | ४५-५९ | | ६०+ | | उमेर नखुलको | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रदेश | जम्मा | नर | नारी | नर | नारी | नर | नारी | नर | नारी | नर | नारी | नर | नारी |
| नेपाल | १००.० | ९०.२ | ९.८ | ३.७ | ०.२ | ५२.२ | ४.७ | २४.३ | ३.१ | ९.९ | १.८ | ०.१ | - |
| पूर्व पहाड | १००.० | ८७.४ | १२.६ | ४ | ०.२ | ४८.५ | ५.९ | २३.० | ३.९ | ११.८ | २.६ | ०.१ | - |
| पूर्व भित्री मधेश | १००.० | ८८.७ | ११.३ | ४.७ | ०.१ | ५३.७ | ५.४ | २१.१ | ३.६ | ९.२ | २.२ | - | - |
| पूर्व मधेश | १००.० | ९३.९ | ६.१ | २.४ | - | ५९.७ | २.६ | २४.९ | २.४ | ६.८ | १.१ | ०.१ | - |
| काठमाण्डौ उपत्यका | १००.० | ८८.७ | ११.३ | ३.३ | ०.२ | ४३.९ | ४.८ | २७.१ | ३.८ | १२.८ | २.५ | १.६ | - |
| पश्चिम पहाड | १००.० | ८५.५ | १४.५ | ४ | ०.३ | ४४.९ | ७.३ | २४.५ | ४.४ | १२.० | २.५ | ०.१ | - |
| सुदुर पश्चिम पहाड | १००.० | ९२.१ | ७.९ | ५.२ | ०.१ | ५१.५ | ४.७ | २५.३ | २.१ | १०.१ | १.० | - | - |
| मध्यभित्री मधेश | १००.० | ९४.९ | ५.१ | ३.५ | - | ५६.९ | २.६ | २४.१ | १.५ | १०.४ | १.० | - | - |
| पश्चिम भित्री मधेश | १००.० | ९३.१ | ६.९ | ५.५ | - | ६०.६ | ४.४ | २१.३ | १.८ | ५.७ | ०.७ | - | - |
| पश्चिम मधेश | १००.० | ९३.२ | ६.८ | ३.१ | - | ६१.३ | ३.० | २१.४ | २.२ | ७.४ | १.६ | - | - |
| सुदूर पश्चिम मधेश | १००.० | ९६.६ | ३.४ | ३.१ | - | ६३.५ | १.४ | २३.८ | १.२ | ६.१ | ०.८ | ०.१ | - |

उपरोक्त तालिकामा लैंगिक दृष्टिकोणले अध्यन गर्दा सबभन्दा बढि नारि घरमुली पश्चिम पहाडमा देखिन आएका छन् । त्यसपछि पुर्व पहाड पुर्व भित्री मधेश र काठमाण्डौ उपत्यकामा कमश घट्दै गएका देखिन्छ ।

सम्पुर्ण नेपाल अधिराज्यमा कतै पनि मातृप्रधान पविारको चलन छैन तापनि ९.८ प्रतिशत नारी घरमुली देखिन आएको मुल कारण गणना कालमा नारि घर मुली बाहिर गई वा मरीसके पछि उत्तर दायित्व बहन गर्ने क्षेमता भएको अर्को नर व्यति परिवारमा नभएकोले नारी बाटै परिवारको भरण पोषण भइरहेकाले अथवा छोरा नभएकि विधवा स्त्री मात्र घरमा भएकि हुनाले तिनिहरुको नाम घरमुलीनै परन आउनु हो ।

उमेरको दृष्टि बाट अध्यान गर्दा २० बर्ष भन्दा कम उमेरका पनि घरमुलि भएका देखिन्छन् ।

उमेर नपुगेका व्यक्ति घरमुलि हुनाको कारण निजहरुले परिवारमा नाबालकहरुको सम्पति माथि अदिकारको सुरक्ष्या कायम राखि दिन सक्ने कुनै योग्य संरक्षक व्यक्तिको अभाब हुन सक्छ ।

शहरि र ग्रामिण क्षेत्र अनुसार घरमुलिको उमेर लिंगको अध्यन गर्दा शहरि क्षेत्रमा जम्मा घरमुली मध्ये २० बर्ष मुनिका तर घरमुलि ३.० प्रतिशत नारि घरमुलि ०.२ प्रतिशत २०.४४ बर्षका नर घरमुलि ४६.३ प्रतिशत नारि घरमुलि ४.० प्रतिशत ४५.५९ वर्ष तर घरमुलि २६.३ प्रतिशत नारिघरमुलि ३.७ प्रतिशतर ६० वर्ष र सो भन्ला बढि उमेरका नरघरमुलि ११.१ प्रतिशत र नारि घरमुलि २.६ प्रतिशतर उमेर खुल्न नआएका नरघरमुलि २.८ प्रतिशत छन । ग्रामिण क्षेत्रमा २० वर्ष मुनिका नरघरमुलि ३.८ प्रतिशत नारी घरमुलि ०.२ प्रतिशत २०-४४ वर्षका नर घरमुलि ५२.४ प्रतिशत नारि घरमुलि ४.७ प्रतिशत ४५.५९

वर्षका नर घरमुलि २४.२प्रतिशत नारि घरमुलि ३.० प्रतिशत ६० वर्ष र सो भन्दा बढि उमेरका नरघरमुलि ९.९ प्रतिशत नारि घरमुलि१.८ प्रतिशत छन ।

यसमा ग्रामिण क्षेत्र भन्दा शहरि क्षेत्रमा नारि घरमुलिको प्रतिशत बढि छ । जम्मा शहरि क्षेत्रका घरमुलि मध्ये ८९.५ प्रतिशत नर घरमुलि र ११.५ प्रतिशत नारी घरमुलि छन् । ग्रामिण क्षेत्रका जम्मा घरमुलि मध्ये ९०.३ प्रतिशत नर घरमुलि र ९.७ प्रतिशत नारी घरमुलि छन् ।

## अनुपश्थित जनसंख्या

अनुपश्थित जनसंख्या दुई तहमा गरिएको छ । एक स्वदेश भित्र अन्य जिल्लामा भएकाको र अर्को स्वदेश वाहिर विदेशमा गएकाको संख्या । यी दुवै अनुपश्थित जनसंख्याको तुलनात्मक अध्यन गर्दा २००९/११ म स्वदेश भित्र अन्य जिल्लामा भएकाका अनुपश्थित संख्या ८.६ प्रतिशत र विदेशमा गएका को अनुपश्थित जनसंख्या ९१.४ प्रतिशत देखिन्छ । यस (२०१८ को) गणनामा भने अन्य जिल्लामा गएकाको १५.१ प्रतिशत र विदेश गएकाको ८४.९ प्रतिशत अनुपश्थित जनसंख्या देखिन्छ ।

सारासंमा विदेश जानेको संख्या २००९/११ मा भन्दा ०१८ मा कम भएको देखिन्छ । तर स्देशका अन्य जिल्लामा जानेको संख्या ०९/११ मा भन्दा ०१८ मा बढेको छ । यसो हुनाको कारण अधिराज्यका विभीन्न प्रदेशमा विकास कार्यलाई कार्यान्वित गर्नु हो पहिला अथोपार्जनका निमीत्त स्वदेशमा उस्तो कुनै उद्योग धन्दा नभएकोले अधिक तर विदेश तर्फ जानु पर्दथ्यो । अब स्देशमा उद्योग धन्दा बढ्दै गएको हुनाले धेरै जसोले स्वदेशमै काम धन्दा पाएकोले विदेश जानेहरुको संख्या घट्न गएको हो ।

अनुपश्थित ब्यक्तिको विषयमा उपरोक्त विवरण एउटा झलक मात्र हो । किन कि अनुपश्थित ब्यक्ति गणना काल (२००९/०११वा २०१८)को ठिक पहिल्यै अर्थात २००८/१० वा २०१७ मै अनुपश्थित न भै केहि दिन अधि अर्थात २००६,२००१,१९८८ तिरै पनि अनुपश्थित हुन सक्तछ । अतः उक्त विवरणको अध्यान गर्दा वास्तविकताको अपेक्षा अग्रिम विचारका निमित्त साधनको दृष्टिकोण राख्नु आवश्यक छ ।

पहिलो गणनामा २००९ मा महोत्तरी जिल्ला वाहेक पुर्वी भगको र २०११ मा महोत्तरी जिल्ला उपत्यका तथा पश्चिमी भागको गणना भएको थियो भन्ने कुराको माति उल्लेख गरिसकियो । त्यस अनुसार स्वदेशका अन्य जिल्लामा भएका ब्यक्तिबारे बिचार गर्दा महोत्तरी जिल्ला बाहेक अन्य पुर्वी भगबाट अन्य जिल्लामा गएकाको संख्या ५६.४ प्रतिशत र महोत्तरी जिल्ला उपत्यका तथा पश्चिमी भागबाट अन्य जिल्लामा गएकाको संख्या ४३.६ प्रतिशत देअिएको छ ।यस (२०१८) गणनामा ४४.४ प्रतिशत पुर्वी भागबाट र ५५.६ प्रतिशत महोत्तरी जिल्ला उपत्यका तथा पश्चिम भागबाट अनुपश्थित हुन आएको देखिन्छ । २००९/०११को गणनामा पुर्वी भगमा आफ्नो जिल्लाबाट अरु जिल्लामा जानेहरुको प्रतिशत बढि तियो तर २०१८ मा पश्चिम भाग उपत्यका र महोत्तरी समेतमा बढी देखिन्छ ।

दुवै गणनाको उपस्थित र अनुपस्थित जनसंख्या को अनुपातको स्वरुप (प्रतिशत) निम्नाकिंत तालिका द्धारा अवगत हुन सक्छ ।

तालिका नं ७ :- प्रदेश अनुसार उपस्थित  र अनुपस्थित जनसंख्याको अनुपात (प्रतिशतमा) २००९/११ र २०१८

| प्रदेश | अनुपात | |
|---|---|---|
| | २००९/०११ | २०१८ |
| | | |
| जम्मा | १.९२ | ३.०२ |
| पूर्व पहाड | १.८० | ३.६२ |
| पूर्व  भित्री मधेश | ०.०७ | ०.१४ |
| पूर्व तराई महोत्तरी बाहेक | ०.०५ | ०.२६ |
| जम्मा | ३.१० | ४.८५ |
| महोत्तरी | ०.०१ | ०.०६ |
| काठमाण्डौ उपत्यका | ०.१० | ०.२६ |
| पश्चिम पहाड | ०.०३ | २.९८ |
| सुदुर पश्चिम पहाड | ०.९१ | १.४० |
| मध्यभित्री मधेश | ०.०४ | ०.०७ |
| पश्चिम भित्री मधेश | ०.०१ | ०.०१ |
| पश्चिम तराई | ०.०० | ०.०५ |
| सुदुर पश्चिम तराई | ०.०० | ०.०२ |

उपरोक्त तालिका हेर्दा उपस्थित र अनुपस्थित (विदेशमा जानेहरुमात्र) को अनुपात २००९/०११ भन्दा २०१८मा बढेको छ। सब भन्दा बडि पुर्व पहाडमा सब भन्दा घटी पश्चिम भित्री मधेशमा देखिन्छ।

तर देश बाहिर गएका जम्मा अनुपस्थितको प्रदेश अनुसार प्रतिशत वितरण गरी हेर्दा निम्न तालिका बमोजिम देखिन्छ।

तालिका नं ८ :- प्रदेश अनुसार अनुपस्थित जनसंख्याको प्रतिशत विवरण २००९/०११ र २०१८

| प्रदेश | अनुपस्थितको प्रतिशत | |
|---|---|---|
| | २००९/०११ | २०१८ |
| जम्मा | १००.० | १००.० |
| पुर्व पहाड | ९३.५ | ६८.९ |
| पुर्व  भित्री मधेश | ३.७ | ४.९ |
| पुर्व तराई (महोत्तरी बाहेक) | २.८ | ८.६ |
| जम्मा | १००.० | १००.० |

| | | |
|---|---|---|
| महोत्तरी | ०.४ | १.३ |
| काठमाण्डौ उपत्यका | ३.१ | ५.३ |
| पश्चिम पहाड | ६५.५ | ६१.४ |
| सुदुर पश्चिम पहाड | २९.३ | २८.८ |
| मध्यभित्री मधेश | १.२ | १.५ |
| पश्चिम भित्री मधेश | ०.३ | ०.३ |
| पश्चिम तराई | ०.१ | १.० |
| सुदुर पश्चिम तराई | ०.१ | ०.४ |

उपरोक्त तालिकाबाट यो स्पष्ट हुन्छ कि पुर्वी भाग र पश्चिमी पहाड तथा सुदुर पश्चिम पाहाडबाट कामको खोजिमा जानेहरुको संख्या प्राय : अधिकनै हुन्छ । तर २००९/०११ को गणना भन्दा २०१८ को गणनामा यी तिनै क्षेत्रमा विभिन्न उद्येश्य ली विदेशमा जानेहरुको प्रतिशत घट्न आएको छ । तराई क्षेत्रबाट विदेशमा जाने प्रवृति अलि बडेको छ ।

सहरी र ग्रामिाण क्षेत्र अनुसार विचार गर्दा जम्मा अनुपश्थित (विदेश) मध्ये १.० प्रतिशत शहरबाट र ९९.० प्रतिशत ग्रामिण क्षेत्रबाट अनुपश्थित भएको देखिन्छ ।

गएको देश अनुसार अनपश्थित जनसंख्याको स्वरुप निम्नाकिंत तालिकाबाट स्पष्ट हुन सक्तछ ।

तालिका नं ९ :- विदेश जानेहरु गएका देश अनुसार २००९/०११ र २०१८

| देशको नाम | अनुपस्थिते जनसंख्या | |
|---|---|---|
| | २००९/ ०११ | २०१८ |
| जम्मा | १००.० | १००.० |
| भारत | ७९.४ | ९२.० |
| म्लाया | ३.३ | ३.९ |
| र्वमा | १.० | ०.९ |
| चीन (तिब्वत) | ०.२ | ०.३ |
| पाकिस्तान | ०.१ | - |
| अन्य र मुलुक नखुलेको | १६.० | २.९ |

उपरोक्त तालिकामा यद्यपि भारतमा जानेहरुको प्रतिशत २०१८ भन्दा २००९ र ०११ मा घटि देखिन्छ तापनि नखुलेको महलमा १६.० प्रतिशत देखिएकोले यो अनुमान गर्न सकिन्छ कि यो नखुलेको प्रतिशतबाट धेरै जसो भारतमा जानेको प्रतिशत हुन सक्दछ ।

# जन्म र मृत्यु

नेपाल अधिराज्यमा जन्म र मृत्यु दर्ता गर्ने प्रचलन नभएकोले २००९र०११को जनगणना सकिए पछि भविष्यभमा के कती दरले जनसंख्यामा घटबढ हुन्छ भन्ने अनुमान गर्न अत्यन्त अप्ठ्यारो पर्न गएको कुरा महसुस गरि यस्तो महत्वपुर्ण तथ्यांकको अभाब जस्ताको त्यस्तै रहन दिनु उचित नहुने हुदा एक वर्षको एकै पटक सोधनि गर्दा पर्न आउने त्रुटिहरु जानकारिमा छदा -छदै यस्तो महत्वपुर्ण तथ्यांकको अभाव जस्ताको त्यस्तै रहन दिनु उचित नभए बाट २०१८ को जनगणना हुनु भन्दा अगाबै घर परिवार लगत मा जन्म र मृत्युसम्बन्धि प्रश्न समाबेश गरिएको हो । २०१७ साल वैशाख १गते देखि ऐ चैत्र महिना सम्मको एक वर्षमा परिवारमा भएको जन्म र मृत्युको लगत सोधनि भएको हो । एक वर्ष भित्रमा घटित घटना संकलन गरि लेखाउनु पर्ने हुदा सो घटनाहरु मध्ये केहि विर्सन जाने कुरा सम्भब भएकोले स्मरण त्रुटि हुन सक्दछ तापनि यसले यस तर्फ केहि संकेत दिन अवश्यनै सक्ने हुनाले यस विषयमा केहि अध्यन होस भन्ने हेतुले समेत यो प्रश्न समावेश गरिएको हो ।

जन्म र मृत्यु सम्बन्धि प्रश्न सर्वप्रथम सोधनि गर्दा नेपाले वासिका नीमित्त नया र आर्श्चयजनक लाग्न गै उत्तर लेखाउने यस्को उचित महत्व नसम्फि समुचित उत्तरको अभावमा जन्म र मृत्यु दुवैमा घटि लगत आएको हुन सक्छ । खास गरि त्यस्तो वच्चा जो की जन्म भएपछि लगतै वा एक दुई हप्ता वा एक दुई महिना सम्म जिवीत रहि मरेकाको कुनै किसिमको दुखपुर्ण सम्फना नआवोस भन्ने हेतुले मनोबैज्ञानिक आधारबाट आमा वावुले सक भर विर्सीदिने प्रयास गर्दछन्, तसर्थ त्यस्तो घटना जन्म र मृत्यु दुबैमा छुट हुन गएको अधिक सम्भावना छ । यसको विश्लेषर्णात्मक अध्ययन यहि मागमा निस्कने हुदा यहाँ सारिणी वद्ध लगतको मात्र विचार गरिने छ ।

नेपाल अधिराज्य विभिन्न प्रदेश को जन्म दर यसप्रकारको आएको छ । पुर्व पहाडमा ३३.२, पुर्व भित्री मधेशमा ३६.२, पुर्व मधेशमा ३०.८, काठमाण्डौ उपत्यकामा ३५.२, पश्चिम पहाडमा ३५.१ सुदुर पश्चिम पहाडमा ३३.१, मध्य भित्री मधेशमा ४०.५, पश्चिम भित्री मधेशमा ३९.०, पश्चिम मधेशमा २५.४, सुदुर पश्चिम मधेशमा ३९.९, जन्मदर देखिन्छ ।

शहरी र ग्रामिण क्षेत्र अनुसार विचार गर्दा शहरी क्षेत्रमा प्रतिहजारमा ३६.३, ग्रामिण क्षेत्रमा ३३.३ जन्मदर देखिन्छ ।

मृत्युको सम्बन्धमा पुर्व पहाडमा १३.४, काठमाण्डौमा १२.६, पश्चिम पहाडमा १२.२, सुदुर पश्चिम पहाडमा १२.७, पुर्वभित्री मधेशमा १५.२, मध्य भित्री मधेशमा १४.०, पश्चिम भित्री मधेशमा १८.३, पुर्व मधेशमा १२.४, पश्चिम मधेशमा १४.२, सुदुर पश्चिम मधेशमा १८.४ सरदर भएको देखिन्छ । नेपाल अधिराज्यको जन्म र मृत्यु दर क्रमश : ३३.४ र १३.० देखिन्छ । उमेर अनुसारको मृत्युदर निम्न लिख्ति तालिकाबाट देखिन्छ ।

तालिका नं १० :- लिगं अनुसारको मृतकको उमेर (प्रतिशतमा)

| लिंग | मृतक | | |
|---|---|---|---|
| उमेर | जम्मा | नर | नारी |
| जम्मा | १००.० | १००.० | १००.० |
| ० | १६.३ | १६.९ | १५.७ |
| १ | १५.२ | १५.७ | १४.६ |
| २ | ६.० | ५.९ | ६.१ |
| ३ | ४.२ | ४.० | ४.३ |
| ४ | २.४ | २.४ | २.४ |
| ०-४ | ४४.१ | ४४.९ | ४३.१ |
| ५-९ | ६.८ | ६.९ | ६.७ |
| १०-१४ | ३.६ | ३.७ | ३.१ |
| १५-१९ | २.८ | २.८ | २.० |
| २०-२४ | ३.४ | ३.१ | ३.८ |
| २५-२९ | ३.७ | ३.० | ४.५ |
| ३०-३४ | ३.७ | ३.२ | ४.२ |
| ३५-३९ | ३.२ | ३.१ | ३.४ |
| ४०-४४ | ३.३ | ३.३ | ३.३ |
| ४५-४९ | २.९ | ३.४ | २.५ |
| ५०-५४ | ३.९ | ४.२ | ३.६ |
| ५५-५९ | २.७ | ३.० | २.३ |
| ६०+ | १५.६ | १५.१ | १६.१ |
| उमेर नखुलेको | ०.३ | ०.३ | ०.६ |

साधारणत : मृत्युको चित्र (ग्राफ) खिचिदा अंग्रेजीको यु (u) अक्षर जस्तो बक्र रेखा (Curve) हुन्छ जस्मा यु को तल्लो भाग अर्थात सब भन्दा कम्ती मृत्यु संख्या १२ वर्षको उमेरमा हुन आउछ। यो १०-१४ को उमेर तहमा पर्न आउछ। तर उक्त प्रतिशत वितरण हेर्दा नपाईएको छ। नर नारी र जम्मा समेतलाई बिचार गर्दा सब भन्दा घटि १५-१९ को उमेर तहमानै देखिन्छ। यसको मुख्य कारण मृतकको उमेर लेखाउँदा ८ र ९ वर्षको बच्चा १० वर्ष मुनी र १५ वर्षको बच्चा पनि यही १०-१४ को उमेर तहमा लेखाउन गएको हन सक्दछ। यस्तै जम्मा मृतकको प्रतिशत हेर्दा सब भन्दा घटि ५५-५९ वर्षको उमेर तहमा देखिन्छ। पचास वर्ष देखि माथि उमेरको बृद्धिको साथ मृत्युको संख्यामा पनि बृद्धि हुँदै जानुपर्नेमा सो नहुनाको कारण पनि मृतकको उमेर लेखाउदा ६०ं + को तहमा लेखाउन गएको हुन सक्छ।

खासगरि विकाशोन्मुख देशको अनुभव बमोजिम नारीको मृत्युको हकमा बच्चा पाउने उमेर तहमा नर भन्दा बडि हुने देखिन्छ। सो तह १५-४५ नाधिसकेपछि नरको तुलनामा नारीको मृत्यु घट्न जान्छ। त्यस्तै बाल्यावस्थामा अर्थात बच्चा पाउने उमेर तहमा नपुगुन्जेल नर भन्दा नरीको मृत्यु घटि

हुन्छ । नेपाल अधिराज्यमा जम्मा मृत्यु मध्ये उमेर अनुसार नर नरीको केकस्तो किसिमको प्रतिशत आएको छ भन्ने कुरा तलको तालिकाले स्पष्ट गर्छ ।

तालिका नं ११ : - उमेर अनुसार मृतकको लिंग प्रतिशतमा ।

| लिंग | मृतक | | |
|---|---|---|---|
| उमेर | जम्मा | नर | नारी |
| जम्मा | १००.० | ५१.४ | ४८.६ |
| ० | १००.० | ५३.१ | ४६.९ |
| १ | १००.० | ५३.२ | ४६.८ |
| २ | १००.० | ५०.६ | ४९.४ |
| ३ | १००.० | ४९.७ | ५०.३ |
| ४ | १००.० | ५१.२ | ४८.८ |
| ०-४ | १००.० | ५२.४ | ४७.६ |
| ५-९ | १००.० | ५२.१ | ४७.९ |
| १०-१४ | १००.० | ५२.० | ४८.० |
| १५-१९ | १००.० | ५०.५ | ४९.५ |
| २०-२४ | १००.० | ४६.७ | ५३.३ |
| २५-२९ | १००.० | ४१.४ | ५८.६ |
| ३०-३४ | १००.० | ४४.३ | ५५.७ |
| ३५-३९ | १००.० | ४९.४ | ५०.६ |
| ४०-४४ | १००.० | ५१.७ | ४८.३ |
| ४५-४९ | १००.० | ५८.९ | ४१.१ |
| ५०-५४ | १००.० | ५५.१ | ४४.९ |
| ५५-५९ | १००.० | ५८.० | ४२.० |
| ६०+ | १००.० | ४९.७ | ५०.३ |
| उमेर नखुलेको | १००.० | ३७.९ | ६२.१ |

उपरोक्त तालिकाबाट मृतकको लिंगको लगत लेखाउदा साधारण तया उमेर तहमा गडबडि हुन आएको देखा पर्दैन, केबल तिन वर्षको उमेरमा केहि गडबडि देखिन्छ । तर सो गडबडि लिगंको कारणले नभई उमेर लेखाउदा चारको तिन बताएबाट हुनसक्छ । वच्चा पाउने उमेर तहमा नर भन्दा नारिको मृत्यु बडि देखिन्छ । त्यस्तै वच्चा पाउने उमेर नाघिसकेपछि बिस्तार बिस्तारै नारिको मृत्यु घट्दै गएको पाईन्छ । ५५-५९ को नारिलाई ६० वर्ष र सो भन्दा बढि उमेर तहमा लेखाउन गएकाले नर भन्दा नारिको मृत्यको प्रतिशत बढि देखिन्छ । उमेर नखुलेकोमा नारिको प्रतिशत बढि देखिन्छ जुन स्वभाविक पनि छ । पुनः ४५-४९ र ५५ को उमेर तहमा नारि मृतकको प्रतिशत नर भन्दा धेरै नै घटेको कारण यो पनि हुन सक्दछ की यी उमेर तहका धेरै जसो नारिको उमेर नखुलाई केबल मृतकको संख्या मात्र लेखिन गएकाले हुनसक्छ । शहरि र ग्रामिण क्षेत्र अनुसार मृतकको प्रतिशत निम्न वमोजिम देखिन्छ ।

तालिका नं १२ : -उमेर अनुसार मृतकको लिंग शहरी र ग्रामिण क्षेत्र अनुसार ।

| प्रदेश र लिंग | शहरी क्षेत्र | | | ग्रामिण क्षेत्र | | |
|---|---|---|---|---|---|---|
| उमेर | जम्मा | नर | नारी | जम्मा | नर | नारी |
| जम्मा | १००.० | ५०.० | ५०.० | १००.० | ५१.४ | ४८.६ |
| ० | १००.० | ५७.० | ४३.० | १००.० | ५३.२ | ४६.८ |
| १ | १००.० | ४७.७ | ५२.३ | १००.० | ५३.३ | ४६.७ |
| २ | १००.० | ४४.९ | ५५.१ | १००.० | ५०.७ | ४९.३ |
| ३ | १००.० | ४३.० | ५७.० | १००.० | ४९.९ | ५०.१ |
| ४ | १००.० | ५२.९ | ४७.१ | १००.० | ५१.१ | ४८.९ |
| ०-४ | १००.० | ४९.० | ५१.० | १००.० | ५२.५ | ४७.५ |
| ५-९ | १००.० | ४७.२ | ५२.८ | १००.० | ५२.३ | ४७.७ |
| १०-१४ | १००.० | ५६.७ | ४३.३ | १००.० | ५५.७ | ४४.३ |
| १५-१९ | १००.० | ३५.६ | ६४.४ | १००.० | ५०.८ | ४९.२ |
| २०-२४ | १००.० | ३४.० | ६६.० | १००.० | ४७.० | ५३.० |
| २५-२९ | १००.० | ४६.२ | ५३.८ | १००.० | ४१.३ | ५८.७ |
| ३०-३४ | १००.० | ४५.६ | ५४.४ | १००.० | ४४.३ | ५५.७ |
| ३५-३९ | १००.० | ४८.१ | ५१.९ | १००.० | ४९.५ | ५०.५ |
| ४०-४४ | १००.० | ५०.४ | ४९.६ | १००.० | ५१.७ | ४८.३ |
| ४५-४९ | १००.० | ५९.१ | ४०.९ | १००.० | ५८.९ | ४१.१ |
| ५०-५४ | १००.० | ५६.३ | ४३.७ | १०५.० | ५५.१ | ४९.९ |
| ५५-५९ | १००.० | ६३.२ | ३६.८ | १००.० | ५७.८ | ४२.२ |
| ६०+ | १००.० | ५३.५ | ४६.५ | १००.० | ४९.५ | ५०.५ |
| उमेर नखुलेको | १००.० | ५०.० | ५०.० | १००.० | ३७.८ | ६२.२ |